PRESS RELEASE

**महाभुकम्पपश्चात नेपालको पुर्ननिर्माणमा लेडबाट सुरक्षित पेन्टको प्रगोग गरी मानव स्वास्थ्य तथा वातावरण जोगाऔ ।**

**यूरोपियन यूनियनको सहयोगमा सम्पन्न यस अध्ययनअनूसार नेपाली बजारमा ९० पि. पि. एम. मापदण्ड भन्दा बढी लेडयुक्त पेन्टहरुको खुल्ला आयात, उत्पादन तथा बिक्रि वितरण भैरहेको छ ।**

मिति २०७२ जेष्ठ २६ मंगलवार, काठमाडौ, जनस्वास्थ्य तथा वातावरण प्रर्वद्धन केन्द्रद्वारा आज सार्वजनिक गरिएको नेपाली बजारमा पाइने पेन्टमा गरेको अध्ययन प्रतिवेदनको आधारमा अध्ययन गरिएको पेन्टको ८९ प्रतिशत नमुनामा लेडको मात्रा नेपाल सरकारद्धारा तोकिएको मापदण्ड ९० पि. पि. एम. भन्दा बढि पाइएको थियो ।

**विश्व स्वास्थ्य संगठनको** अनुसार : "मानव शरीरमा लेडको कुनै खास भूमिका नरहने तथा विश्वव्यापी रोगहरु मध्ये लेड बिषाक्तता ०.६ प्रतिशत रहेको छ । बाल्यकालमा नै लेडको सम्पर्कमा आउनाले बौद्धिक बिकासमा आउने गडबडी सम्बन्धी प्रमाणहरुको आधारमा विश्व स्वास्थ्य संगठनले **लेडको कारणले हुने सुस्त मनस्थिती** लाई ज्ञात रोगको रुपमा सुचिकृत गरेको छ । " विश्व स्वास्थ्य संगठन अनुसार **लेडको कुनै पनि सुरक्षित मात्रा हुदैन् ।** "लेडसङ्गको सम्पर्कले वयस्कलाई हानी पुर्याउने त छ नै, लेडको थोरै मात्राले समेत बालबालिकालाई हानी पुर्याउन पर्याप्त हुन्छ । साथसाथै उक्त नोक्सानी अपरिवर्तनीय हुने तथा जीवनभर असर पुऱ्याउन सक्ने प्रवृतिको हुन्छ ।", जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक राम चरित्र साहले बताउनु भयो ।

उहाँले थप्नुभयो, "गत वैशाखको विनाशकारी महाभुकम्पको कारणले करीव ५ लाख घरको पुननिर्माण कार्य गर्नुपर्ने अवस्थामा वातावरण तथा मानव स्वास्थ्यलाई मध्यनजर गर्दै नेपाल सरकारद्धारा तोकिएको ९० पि. पि. एम. मापदण्डअनुरुप पेन्टको बिक्री वितरणलाई सरकारद्धारा प्रभावकारी ढंगले कार्यान्वयन तथा अनुगमन गर्नुपर्ने छ । यस दु:खद घडीमा भुकम्पीय प्रकोप पस्चातको पुननिर्माण कार्यमा मानव स्वास्थ्य एवं वातावरणलाई ख्याल गर्दै सम्पूर्ण नेपाली जनता एकजुट भई अघी बढ्न आग्रह गर्नुभयो ।"

नेपाल सरकारद्वारा बालबालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै रङ्गमा लेडको अधिक्तम मात्रा ९० पि.पि.एम को मापदण्ड निर्धारण गरेको छ । उक्त मापदण्ड यही २०७२ साल असार ५ गते (सन् २०१५ जुन २०) देखि पूर्णरुपमा लागु हुदैछ । नेपाल सरकारद्वारा तोकिएको ९० पि.पि.एम.मापदण्डलाई आधार मानेर नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागले २०७१ चैत्र १ गते (सन् २०१५ मार्च १५) मा सम्पूर्ण सरकारी तथा निजि विद्यालयलाई समेट्ने गरी सर्वसाधारणको घर तथा विद्यालय भवन, फर्निचर, खेलौना, खेलसामग्री, खेलमैदान तथा अन्य भौतिक पुर्वाधारहरु रङ्गाउदा नेपाल सरकारद्वारा तोकिएका रङ्गमा लेडको मापदण्ड ९० पि. पि. एम. लाई अनुपालन गरिएको रङ्गहरु मात्र खरिद गरी प्रयोग गर्नु गराउनु हुन सुचना प्रकाशन गरिएको थियो ।

यो अध्ययन प्रतिवेदन जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रद्वारा यूरोपियन यूनियन (European Union) को सहयोगमा सञ्चालित एशियन लेडयुक्त पेन्ट उन्मूलन परियोजना अर्न्तगत तयार पारिएको हो । एशियन लेडयुक्त पेन्ट उन्मुलन परियोजनाको मुख्य उद्देश्य रङ्गहरुबाट लेडको मिसावट पूर्णरुपले हटाउनु तथा व्यवसायी एवं आम उपभोक्ताहरुमा लेडयुक्त रङ्गको प्रयोग गर्नाले स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने सम्भावित असर अझ विशेषगरी ६ वर्ष भन्दा कम उमेरको बालवालिकालाई पर्न सक्ने असर सम्बन्धी व्यापक जनचेतना बढाउनु हो । लेडयुक्त पेन्ट उन्मुलन परियोजना ३

वर्षे अवधिमा यूरोपियन समुदायको १.४ मिलियन यूरोको आर्थिक सहयोगमा IPEN द्वारा एशियाका सात मुलुकहरु ( बङ्लादेश, भारत, इन्डोनेशिया, नेपाल, फिलिपिन्स, श्रीलंका तथा थाइल्यान्ड) मा सञ्चालन गरिएको हो ।

जनस्वास्थ्य तथा वातावरण प्रर्वद्धन केन्द्रले नेपाली बजारमा पाइने रङ्गमा लेडको मात्रा अध्ययन गर्न सुरु गरे देखिन (सन् २०१०) बजारमा हिस्सा धेरै भएको पेन्ट उद्योगहरु जस्तै एसियन पेन्टस्, बर्जर पेन्टस तथा कान्साई नेपाल ले ९० पि. पि. एम.भन्दा कम लेडको मात्रा भएको रङ्ग बिक्रि वितरण गर्न सुरु गरिसकेका छन् भने नेपाली उद्योगहरुले पनि यता तर्फ उन्मूख हुन जरुरी छ । विगतका अध्ययनमा उच्च मात्रामा लेड पाइएको पेन्ट उद्योगहरुमा कुनै सुधार भएनभएको तथ्य विश्लेषण गर्न यस अध्ययन सम्पन्न भएको थियो ।

## नेपालमा पाइने रङ्गमा लेडको मात्रासम्बन्धी अध्ययनका केहि नतिजाहरु

- नेपाल सरकारले तोकेको ९० पि. पि. एम.को मापदण्ड अनुसार ८९ प्रतिशत रङ्गमा लेडको मात्रा ९० पि. पि. एम.भन्दा धेरै बढी रहेको तथा सन् २०१५ पि.पि.एम. मा मापदण्ड प्रभावकारी कार्यान्वयनमा आईसकेपश्चात सो नेपाली बजारमा बिक्री वितरणको निम्ती अस्विकार्य रहने तथ्य फेला परेको छ ।
- सन् २०१३ मा जनस्वास्थ्य तथा वातावरण प्रर्वद्धन केन्द्रद्धारा गरिएको पछिल्लो अध्ययनपश्चात पेन्टमा लेडको मात्रामा केहि हदसम्म सुधार देखिएको छ ।
- नेपाल सरकारद्धारा तोकिएको ९० पि.पि.एम. मापदण्डलाई परीपालना गर्नको निम्ति धेरैजस्तो पेन्ट उद्योगले लेडमुक्त पेन्टको उत्पादन गर्नुपर्ने देखिन्छ ।
- हरियो, पहेलो तथा रातो रङ्गमा अत्याधिक लेडको मात्रा अर्थात १०,००० पि. पि. एम. भन्दा बढी पाइयो ।
- पेन्टको बट्टामा नेपाल गुणस्तर चिन्ह अंकित हुदैमा लेड नहुने भन्ने ठोकुवा गर्न सकिने अवस्था छैन ।

मापदण्ड निर्धारण भैसकेको अवस्थामा यसको प्रभावकारी ढंगले कार्यान्वयनका निम्ती केही सरसल्लाह तथा सुझावहरु यसप्रकार रहेका छन् ।

### ❖ सरकार तथा सरकारी निकायहरुद्वारा

- हरेक सरकारी निकाय, पेन्ट उद्योगी, आयातकर्ता, बितरक तथा सर्वसाधारणलाई रङ्गमा तोकिएको ९० पि.पि. एम.मापदण्ड तथा लेडको मात्रा तथा लेबलिङ सम्बन्धी जानकारी प्रदान गरिनुपर्ने तथा अनुगमन गर्न सशक्त तथा प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनुपर्ने ।

- उपयुक्त लेबलिङ रहे नरहेको, लेड को मात्रा उल्लेख भए नभएको, अन्य यौगिक तत्वको सुची, उत्पादन मिती, म्याद गुज्रने मिती, लेडको सम्पर्क बाट बँच्न अपनाउने तरिकाहरु, आदी सम्बन्धी जानकारी उल्लेख भए नभएको नियमित रुपमा अनुगमन गर्नुपर्ने ।

- निजी तथा सार्वजनिक क्षेत्रका सम्पूर्ण घर, विद्यालय तथा कलेजलाई रङ्गरोगन कार्य गरिदा सरकारी नियम अनुरुप रहेको मापदण्ड पालन गरिएको रङ्ग प्रयोग गर्न बाध्यकारी ब्यवस्था मिलाउनु पर्ने ।

- **सार्वजनिक हरित खरिदारी निति** (Green Public Procurement Policy-GPPP) सम्बन्धी निर्णय चाडो लिनुपर्ने । लेड नमिसाइएको रङ्ग मात्र खरिद गर्ने तथा उक्त निर्णयलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नुपर्ने । सो कार्य जनसमुदाय देखि सम्पूर्ण निकायलाई लागु गर्नुगराउने पर्ने ।

❖ **पेन्ट उद्योग, नेपाल पेन्ट उत्पादक संघ तथा व्यापार व्यवसायी संगठनद्वारा**

- रङ्गको उत्पादनक्रममा नै लेडयुक्त ड्रायर, लेडयुक्त पिगमेन्ट, लेडयुक्त फिलर तथा अन्य लेडयुक्त वस्तुको प्रयोगलाई निरुत्साहित गर्दै ९० पि.पि.एम.मापदण्डको परीपालना गर्नुपर्ने तथा उद्योगबिच एकआपसमा रङ्ग उत्पादन देखि बिक्रि वितरणसम्म प्राविधिक सहयोग उपलब्ध गराइनुका साथै ९० पि.पि.एम. मापदण्ड परीपालना गर्नका निमित्त बलियो सहयोग एवं समन्वय हुनुपर्ने ।

- पुनः रङ्गरोगन कार्य गरिदाँ तथा पहिलेनै लेडयुक्त रङ्गले रङ्गयाइएको सतहसँग चल्दा लेडसँग अती न्युन मात्रामा लेडको सम्पर्क होस् भनेर तालिम प्रदान गर्नुपर्ने ।

❖ **पेन्ट बितरक तथा खुद्रा बिक्रेताद्वारा** सरकारी मापदण्ड पालना गरेको रङ्गको मात्र आयात तथा बिक्रि वितरण गर्नुपर्ने ।

❖ **उपभोक्ताद्वारा** रङ्गको खरिद गर्दा लेबलिङ निरिक्षण गर्नुपर्ने तथा रङ्ग खरिद गर्दा यदी रङ्गको बट्टामा लेड तथा अन्य रसायन सम्बन्धी जानकारी उल्लेख नगरिएको भेटिएमा नियमनकारी सरकारी निकायलाई तुरुन्त जानकारी गर्नुपर्ने ।

**समाप्त**

**थप जानकारीको निम्ति**


रामचरित्र साह
कार्यकारी निर्देशक/वातावरण वैज्ञानिक
जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र
नयाँबस्ती, ईमाडोल - ५, ललितपुर, काठमाण्डौ, नेपाल ।
फोन : ०१ ५२०१७८६
मोवाईल नं.: +९७७ -९८०३०४७६२१
ईमेल : cephed04@yahoo.com
वेवसाइट: www.cephed.org.np,

**Sara Brosche, Project Manager**
IPEN Global Lead Paint Elimination Campaign
sarabrosche@ipen.org
+46 704035816

Valerie Denney, Communication Advisor
**IPEN**
+1 312 320 2162
vdenney@valeriedenney.com
vdenney@ipen.org



CEPHED

IPEN
a toxics-free future
IPEN is an international organization promoting safe chemical practices that protect human health and the environment

EUROPEAN UNION
This project is funded by the European Union.
Delegation of the European Union to the Nepal
30/F Tower 2, RCBC Plaza,
6819 Ayala Avenue
Makati City, 1200 Philippines

Nepal Gazette

Published by Government of Nepal

Part 5

Government of Nepal

Ministry of Science, Technology and Environment

Notice No. 3

**(Part 64, Number 30, Nepal Gazette, Part 5, dated December 22, 2014)**

In exercise of the power conferred by Rules 15 of the Environment Protection Regulation, 1997 shall come into effect from 181 days from the date of publication of the notice by the Government of Nepal has set the standard limiting maximum Lead in paints imported and produced in Nepal to Ninety (90) parts per million (ppm) or Ninety (90) milligram per liter (mg/L), label paints can with lead content and protective precautionary message to prevent the occupational exposure by the publication of the notice.

With permission
Mahendra Man Gurung
Acting Secretary, Government of Nepal

**खण्ड ६४ संख्या ३० नेपाल राजपत्र भाग ५ मिति २०७१।९।७**

**सूचना ३**

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन भएको मितिले १८१ औं दिनदेखि लागू हुने गरी नेपालमा आयात एवं उत्पादन हुने रङ्गहरुमा Lead को अधिकतम मात्रा Ninety (90) Part Per Million (ppm) वा Ninety (90) Milligram Per Liter (mg/L) हुनुपर्ने, बट्टामा Lead को मात्रा र व्यवसायजन्य सुरक्षासम्बन्धी सावधानी मूलक सन्देश समेत उल्लेख गर्नुपर्ने गरी मापदण्ड तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना ४**

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन भएको मितिले १८१ औं दिनदेखि लागू हुने गरी सवारी साधनमा प्रयोग हुने Brake Shoe र Clutch Plate को Asbestos Lining बाहेक Asbestos Corrugated/ Non-Corrugated Sheet, Tiles, Insulators आदि सबै Asbestos र Asbestos युक्त वस्तुको आयात, बिक्री वितरण र प्रयोग गर्न प्रतिबन्ध लगाएको छ।

आज्ञाले,
महेन्द्र मान गुरुङ्ग
नेपाल सरकारको नि.सचिव

(२३)

**Nepal Gazette of Lead Paint Standard and Banning of Asbestos**

गोरखापत्र
www.gorkhapatraonline.com

२०७१ साल चैत १ गते आइतवार
2015 March 15 Sunday
९

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शिक्षा विभाग**

**विद्यालय शिक्षासम्बन्धी गतिविधि-१३१**

**घर तथा विद्यालय पूर्वाधारहरू रङ्गाउँदा नेपाल सरकारद्वारा तोकिएको लेडको मापदण्ड ९० पि.पि.ए.एम अनुसारको रङ्गहरू मात्र प्रयोग गरौं**

सबै उमेरका मानिसहरू एवम् खासगरी बालबालिकाहरू लेड (सिसा) को सम्पर्कमा आएको खण्डमा पढ्ने लेख्ने क्षमता घट्न सक्ने, आनिबानी तथा हाउभाउमा परिवर्तन आउने, स्नायु प्रणाली, प्रजनन् प्रणालीमा गडबडी, मानसिक सन्तुलन बिग्रन सक्ने, आदि हुनसक्दछ। लेडले बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा निकै नकारात्मक प्रभाव पुर्‍याउँदछ। सर्वसाधारणको घर तथा विद्यालय भवन, फर्निचर, खेलौना, खेल सामग्री, खेलमैदान तथा अन्य भौतिकपूर्वाधारहरू रङ्गाउने रङ्गहरूमा पाइने लेड (सिसा) को असरलाई न्यूनिकरण गर्नका निम्ति **नेपाल सरकारद्वारा रङ्गमा लेडको मापदण्ड ९० पि.पि.एम तोकिएको हुँदा** सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूले **बजारमा उपलब्ध लेड नमिसाइएको रङ्गहरू मात्र खरिद गरी प्रयोग गर्नु गराउनु** हुन सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**Public Notice issued by Department of Education, Ministry of Education, Government of Nepal to use paints that only comply the Government Standard of 90 ppm.**

CEPHED

IPEN
a toxics-free future
IPEN is an international organization promoting safe chemical practices that protect human health and the environment

EUROPEAN UNION
This project is funded by the European Union.
Delegation of the European Union to the Nepal
30/F Tower 2, RCBC Plaza,
6819 Ayala Avenue
Makati City, 1200 Philippines